# सर्वोच्च अदालतका माननीय न्यायाधीश तथा पुनरावेदन अदालतका
# माननीय मुख्य न्यायाधीशहरूको सम्मेलन, २०६६

(पुस २३-२४, काठमाडौं)

**स्वतन्त्र, सक्षम, कम खर्चिलो, छिटोछरितो, प्रभावकारी, जनताको सहज पहुँचयुक्त, जनआस्थामा आधारित, उत्तरदायी एवं गतिशील न्यायप्रणालीको स्थापनार्थ संविधान, कानून र न्यायका मान्य सिद्धान्तहरूलाई अनुशरण गर्दै स्वतन्त्र न्यायपालिकासम्बन्धी आधारभूत सिद्धान्तहरू तथा न्यायपालिकाले अङ्गीकार गरेका मूल्य मान्यताहरूप्रति प्रतिबद्ध रही विकास मैत्री, स्वच्छ एवं निष्पक्ष न्यायसम्पादन गर्ने अठोटका साथ यस सम्मेलनबाट देहायका प्रस्तावहरू पारित गरियो-**

१. न्यायपालिका आफैंले आफ्ना लागि तर्जुमा गरेको न्यायपालिकाको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनालाई पूर्ण रुपमा लागू गर्ने प्रण गर्दै त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिने ।

२. मुलुकमा विगत समयदेखि चलेको द्वन्द्वले जनताको न्यायमा पहुँच तथा जनआस्था अभिवृद्धिमा अबरोध सिर्जना हुन गएको तथ्यलाई हृदयङ्गम गर्दै द्वन्द्वको प्रभावलाई न्यूनीकरण गर्न द्वन्द्व व्यवस्थापन गरी शान्ति प्रक्रियालाई अग्रगति दिई सुरक्षासहितका आवश्यक कदमहरू चाल्न नेपाल सरकारको ध्यानाकर्षण गराउने ।

३. रणनीतिक योजनाद्वारा निर्धारित लक्ष्य हासिल गर्न व्यवधान पैदा भएको विगतको अनुभवलाई दृष्टिगत गर्दै दक्ष जनशक्तिको अभाव, खाली दरबन्दीको आपूर्ति, साधन स्रोतको अपर्याप्तता, असुरक्षा र बन्द हडताल जस्ता समस्या पनि त्यत्तिकै बाधक रहेको महसुस गर्दै तिनको समाधानका लागि सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने ।

४. सेवाग्राहीलाई न्याय पाएको अनुभूति फैसला कार्यान्वयनबाटै हुने हुँदा शीघ्र, सुलभ र सरल ढंगले फैसला कार्यान्वयनका लागि कानूनमा सुधार, पर्याप्त जनशक्तिको व्यवस्था र जनशक्तिको क्षमता विकास तथा सम्बन्धित निकायहरूको सक्रिय सहयोग प्राप्त गर्न प्रयास गर्ने ।

५. विवाद समाधानको अत्यन्त प्रभावकारी उपायका रुपमा रहेको मेलमिलाप पद्धतिले अदालतमा वाञ्छित सफलता हासिल गर्न नसकेको सत्यतालाई आत्मसात् गरी अध्ययन अनुसन्धानद्वारा यसका कारण निर्क्योल गरी समस्या निराकरण गर्दै यस पद्धतिको प्रयोगमा प्रभावकारिता ल्याउने ।

६. न्यायपालिकाको समग्र सुरक्षा व्यवस्थालाई विश्वसनीय, भरपर्दो र प्रभावकारी तुल्याउन आवश्यक सुरक्षा योजना बनाई सुरक्षा संवेदनशील जिल्लाहरूको लागि विशेष सुरक्षा योजना तत्काल लागू गर्न नेपाल सकारको ध्यानाकर्षण गर्ने र न्यायिक प्रहरी, न्यायाधीश आवास गृह तथा न्यायकर्मी सामूहिक आवास गृहको बन्दोवस्तका लागि प्रयास गर्ने ।

७. जनताको अझ बढी विश्वास आर्जन गर्नु न्यायपालिकाका लागि आजको प्रमुख चुनौती हो भन्ने तथ्यलाई स्वीकार गर्दै न्यायाधीश आचार संहिता, २०६५ को अक्षरसः परिपालना तथा त्यसको निरन्तर अनुगमन गर्ने कुरामा जोड दिने ।

८. सवै न्यायकर्मीहरूले सेवाग्राहीलाई "मुस्कानसहितको न्यायसेवा" को माध्यमले काम कारवाहीमा सहजता ल्याउने संस्कृतिको विकास गर्ने ।

९. शीघ्र, सुलभ र प्रभावकारी न्याय प्रदान गर्ने न्यायपालिकाको उद्देश्यलाई सार्थक तुल्याउन सूचना प्रविधिको प्रयोग र यसको सञ्जाल विस्तार अत्यावश्यक रहेको यथार्थलाई मनन् गर्दै यसका लागि आवश्यक पूर्वाधार, साधन, स्रोत र दक्ष जनशक्तिको व्यवस्थापन हुनुपर्ने ।

१०. देशको भौगोलिक विविधताको सन्दर्भमा न्यायाधीशहरूले इजलासमा बस्दा लगाउनु पर्ने पोशाकलाई कार्यमैत्री बनाउने तथा अन्य न्यायिक कर्मचारीहरूको छुट्टै पहिचान हुने खालको पोशाकको व्यवस्थाका लागि अध्ययन हुन आवश्यक भएकोले सो सम्बन्धमा सर्वोच्च अदालतबाट अध्ययन गरी आवश्यक व्यवस्था मिलाउने ।

११. न्यायिक तथा अर्धन्यायिक निकायसमेतमा सुपरिवेक्षण तथा अनुगमनको कार्यलाई प्रभावकारी बनाउन आन्तरिक निरीक्षण र मातहत अदालतहरूको निरीक्षणलाई नियमित तुल्याई त्यसक्रममा देखिएका कमजोरीहरूलाई सच्याउँदै अघि बढ्नुपर्ने आवश्यकता महसुस गर्दै निरीक्षण तथा अनुगमन प्रतिवेदनलाई समेत न्यायिक काम कारवाहीको मूल्याङ्कनको आधार बनाउने पद्धति बसाल्न जोड दिने ।

१२. न्यायपालिकामा कार्यरत कर्मचारीहरुको सेवा, शर्त, सुविधा र पारिश्रमिकमा समसामयिक सुधारका लागि सर्वोच्च अदालतले आवश्यक पहल गर्ने ।

१३. न्यायसम्पादनमा कानून व्यवसायीको भूमिका महत्त्वपूर्ण रहने यथार्थलाई स्वीकार गर्दै बहस व्यवस्थापन, पुराना मुद्दा फछ्र्यौट र मुद्दा व्यवस्थापनसमेतका क्षेत्रमा बारसँगको सहकार्यलाई प्रभावकारी रुपमा अघि बढाउने ।

१४. न्यायपालिकाप्रतिको जनताको आस्था र विश्वास अभिवृद्धि गर्न हाम्रा काम कारवाहीमा पारदर्शीताको खाँचो रहेको र गलत सूचना प्रवाहबाट जनमानसमा न्यायपालिकाको छवि नकारात्मक बन्न जाने हुनाले सञ्चारकर्मीसँग निरन्तर रुपमा सम्पर्क र सम्वादको संयन्त्र बनाई सही सूचना सम्प्रेषणको वातावरण निर्माण गर्ने ।

१५. न्यायिक काम कारवाहीमा प्रयुक्त हुने भाषालाई व्याकरणसम्मत हुने गरी सरल र बोधगम्य बनाउने ।

१६. समस्त न्यायकर्मी नेपाली जनताको सेवामा समर्पित वर्ग हुँदा संविधान र कानूनको अनुशरण गर्दै न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन, मानव अधिकारको रक्षा र पूर्ण न्यायको मार्गमा हामी अविचलित छौं भन्ने सन्देश हाम्रा काम र व्यवहारले प्रदर्शित गर्न आवश्यक छ भन्ने कुरालाई यो सम्मेलन आत्मसात् गर्दछ ।

१७. नयाँ संविधान निर्माण हुने क्रममा रहेको परिप्रेक्ष्यमा नेपालले अन्तर्राष्ट्रिय महासन्धिहरुद्वारा स्वतन्त्र न्यायपालिका तथा मानव अधिकारको संरक्षणमा देखाएको प्रतिवद्धतालाई अक्षुण्ण राख्दै सोको संवैधानिक एवं कानूनी प्रत्याभूति हुनुपर्ने कुरामा यो सम्मेलन जोड दिन्छ ।